# सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२

माननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः २०७२/०७/२५

संशोधन तथा परिमार्जन मितिः २०७५/१०/२४

पृष्ठभूमीः

जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपुर्वक बाँच्न पाउने नागरिकको संविधान प्रदत्त अधिकार सुनिश्चित गर्नु गृह प्रशासनको प्रमुख जिम्मेवारी हो। यस अन्तर्गत प्रभावकारी कानुन कार्यान्वयनका माध्यमबाट मानवीय सुरक्षा, सार्वजनिक तथा निजि सम्पत्तिको सुरक्षा एवं अपराध नियन्त्रणका कार्यहरु प्रमुख रहेका छन। अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्नका लागि विभिन्न सुरक्षा प्रविधि तथा विद्युतीय उपकरणको प्रयोग प्रभावकारी हुने भएकोहुँदा सार्वजनिक स्थान, राजमार्ग, सार्वजनिक निकायहरु, व्यापारिक तथा व्यवसायिक केन्द्रहरु, निजी व्यवसाय तथा आवासक्षेत्रको सुरक्षाको लागि हाल सिसिटिभीको प्रयोगमा विस्तार भएको पाईन्छ।

सिसिटिभीको प्रयोगलाई व्यवस्थित गरी नियमन गर्न आवश्यक देखिएको हुँदा सि.सि.टि.भी. जडान तथा सञ्चालन कार्यविधि, २०७२ तयार गरी स्वीकृत भएको मितिदेखि लागू गरिएको छ ।

१) उद्देश्यः

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

क. शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा विद्युतीय उपकरणको प्रयोगलाई प्रभावकारी बनाउने।

ख. सि.सि.टि.भी. को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने ।

ग. सि.सि.टि.भी. जडान तथा सन्चालनको नियमन गर्ने ।

२) वर्गीकरणः

सि.सि.टि.भी. को प्रयोगलाई निम्नानुसार तीन वर्गमा वर्गीकरण गरिएको छ ।

**क. सार्वजनिक क्षेत्रका लागि प्रयोग हुने CCTV Camera:-**

प्रविधियुक्त Smart Surveillance Camera को निगरानीबाट आपराधिक व्यक्तिहरुमा मनोवैज्ञानिक असर पुऱ्याई अपराध नियन्त्रण गर्न, अनुसन्धानमा सहयोग लिन, ट्राफिक व्यवस्थापन सहज बनाउन, सडक नियम उल्लंघनको कार्य निरुत्साहित गर्न तथा विशिष्ट व्यक्तिहरुको आवागमन एवं सुरक्षा व्यवस्था मिलाउने लगायतका सुरक्षासँग सम्बन्धित कार्यकालागि सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने सिसिटिभी ।

**ख. व्यापारिक प्रयोजनका लागि प्रयोग हुने CCTV Camera:-**

२०७५/१०/२८

प्रेम कुमार राई
सचिव

व्यापारिक केन्द्रहरु जस्तै बैंक, वित्तीय संस्था, सपिङ मल, होटल, कन्फरेन्स हल, डिपार्टमेन्ट स्टोर, सेवा सेन्टर, मूल्यवान वस्तु तथा गरगहना व्यवसाय हुने स्थानहरु तथा अन्य व्यापारिक कारोवार हुने स्थानहरुको सुरक्षार्थ सम्बन्धित व्यक्ति, व्यवसायी/व्यापारी, कम्पनी वा संघ संस्थाहरुबाट जडान गरिने सिसिटिभी ।

**ग. निजी प्रयोजनका लागि प्रयोग हुने CCTV Camera:-** कुनै पनि व्यक्तिले आफ्नो निजी सम्पत्तिको सुरक्षाको लागि निजी परिसरमा जडान गरिने सिसिटिभी ।

३) व्यवस्थापन :

**क. सार्वजनिक प्रयोग सम्बन्धमा :-**

१. सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पति सुरक्षा, कारागारहरुको निगरानी, विमानस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदी कार्यको लागि **CCTV** जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी ईकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनु पर्नेछ।

२. सुरक्षा निगरानीका लागि जडान गरिएका सिसिटिभीको निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था सम्बन्धित निकाय आफैले मिलाउनु पर्नेछ ।

३. सिसिटिभीवाट खिचेका दृश्यहरु गोप्य एवं सुरक्षित राख्नु पर्नेछ ।

४. सिसिटिभी फुटेजहरु अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी लगायत अन्य सरकारी निकायले माग गरेको खण्डमा तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

५. सिसिटिभीवाट खिचेका दृश्यहरु कम्तिमा ३ (तीन) महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ ।

६. Camera बाट Visualize गरिएका Footage लाई Modify गरी Business Purpose मा उपयोग गर्न पाइने छैन ।

७. VVIP, VIP को निजी Footage हरु सार्वजनिक हुनेगरी प्रयोग गर्न गराउन पाइने छैन।

८. Human Rights Violation हुने गरी CCTV Camera जडान गर्न, Photo लिन पाइने छैन।

९. CCTV बिग्रिएर मर्मत गर्नु पर्ने भएमा, हटाउनु पर्ने भएमा वा परिवर्तन/ फेरवदल गर्नु पर्ने भएमा सो को अग्रिम जानकारी नजिकको प्रहरी कार्यालय वा स्थानीय



प्रेम कुमार राई
सचिव

प्रशासनलाई लिखितरुपमा गराउनु पर्नेछ ।यसो गर्दा CCTV बाट खिचिएका श्रव्यदृश्यहरु सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. माथि उल्लेख भएका बुँदाहरुको पालना नभए प्रचलित कानून बमोजिम सजाय हुनेछ।

**ख. व्यापारिक प्रयोजन सम्बन्धमा :-**

१. बैंक वितीय संस्था, व्यापारिक मलहरु, डिर्पाटमेन्ट, सुन चाँदी व्यवसाय हुने स्थानहरु, साईवर क्याफे जस्ता व्यापारिक कारोबार हुने स्थानहरुमा सम्बन्धित ब्यक्ति, कम्पनी, संघ संस्थाहरुले अनिवार्य रुपमा सिसिटिभी जडान गर्नु पर्नेछ।

२. व्यापारिक सुरक्षा प्रयोजनका लागि प्रकरण (१) अनुसारका व्यवसायहरुले सिसिटिभी जडान गरेको भएमा तोकिएको ढाँचामा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी ईकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनु पर्नेछ।

३. जडान गरिने सिसिटिभीहरुको प्रकृति, गुणस्तर, संख्या, जडान गरिने स्थान, मोनिटर गर्ने स्थान, मोनिटरिङ कार्यमा परिचालन हुने कर्मचारीहरुको विवरण समेत जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

४. शौचालय, चेन्जीङ रुम, होटलको बेड रुम आदी संवेदनशील स्थानहरुमा सिसिटिभी राख्न पाइने छैन ।

५. जडान गरिएका सिसिटिभीले निरन्तर मोनिटर तथा मर्मत सम्भार गर्ने व्यवस्था सम्बन्धित निकाय आफैले मिलाउनुपर्नेछ ।

६. सिसिटिभीबाट खिचेका दृश्यहरु गोप्य राख्नु पर्नेछ। कुनै पनि किसिमबाट सार्वजनिक गर्न, व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा असर नपर्ने गरी सिसिटिभी क्यामराहरु जडान गर्नु पर्नेछ ।

८. सिसिटिभी फुटेजहरु अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी लगायत अन्य सरकारी निकायले माग गरेको खण्डमा तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

९. सिसिटिभीबाट खिचेका दृश्यहरु कम्तिमा ३ (तीन) महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ ।

१०. मोनिटरिङ रुमको सम्पूर्ण जवाफदेहिता सम्बन्धित निकायको हुनेछ।मोनिटरिङ रुममा लग बुक अनिवार्य रुपमा राख्नु पर्नेछ ।

प्रेम कुमार राई
सचिव

नेपाल सरकार
गृह मन्त्रालय

११. Camera बाट Visualize गरिएका Footage लाई Modify गरी Business Purpose मा उपयोग गर्न पाइने छैन ।

१२. VVIP, VIP को निजी Footage हरु सार्वजनिक हुनेगरी प्रयोग गर्न गराउन पाइने छैन।

१३. Human Rights Violation हुने गरी CCTV/Camera जडान गर्न, Photo लिन पाइने छैन ।

१४. CCTV बिग्रिएर मर्मत गर्नु पर्ने भएमा, हटाउनु पर्ने भएमा वा परिवर्तन/ फेरबदल गर्नु पर्ने भएमा सो को अग्रिम जानकारी नजिकको प्रहरी कार्यालय वा स्थानीय प्रशासनलाई लिखितरुपमा गराउनु पर्नेछ ।यसो गर्दा CCTV बाट खिचिएका श्रव्यदृश्यहरु सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१५. माथि उल्लेख भएका बुँदाहरुको पालना नभए प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

**ग. निजी प्रयोग सम्बन्धमा :-**

१. व्यक्तिगत सुरक्षा प्रयोजनका लागि सिसिटिभी जडान गर्ने व्यक्तिले CCTV जडान गरेको लिखित जानकारी १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी ईकाई वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ।

२. Limited Household Purpose का लागि मात्र CCTV Camera प्रयोग गर्नु पर्नेछ ।

३. जडान गरिएका सिसिटिभीकों निरन्तर मोनिटर मर्मत सम्भार गर्ने व्यवस्था आफैले मिलाउनु पर्नेछ।

४. सिसिटिभीवाट खिचेका दृष्यहरु गोप्य राख्नु पर्नेछ । कुनै पनि किसिमवाट सार्वजनिक गर्न पाइने छैन ।

५. कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा असर नपर्ने गरी सिसिटिभी क्यामराहरु जडान गर्नु पर्नेछ ।

६. सिसिटिभी फुटेजहरु अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी वा अन्य सरकारी निकायले अनुसन्धान कार्यका लागि माग गरेको खण्डमा उपलब्ध गराउनु पर्नेछ ।

७. सिसिटिभीवाट खिचेका दृष्शयहरु कम्तिमा ३ (तीन) महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ।

८. जडान गरिएका सिसिटिभीहरु संचालनमा रहने व्यवस्था सम्बन्धितले अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

प्रेम कुमार राई
सचिव

९. CCTV बिग्रिएर मर्मत गर्नु पर्ने भएमा, हटाउनु पर्ने भएमा वा परिवर्तन/ फेरबदल गर्नु पर्ने भएमा सो को अग्रिम जानकारी नजिकको प्रहरी कार्यालय वा स्थानीय प्रशासनलाई लिखितरुपमा गराउनु पर्नेछ ।यसो गर्दा CCTV बाट खिचिएका श्रव्यदृश्यहरु सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. माथि उल्लेख भएका बुँदाहरुको पालना नभए प्रचलित कानून बमोजिम सजाय हुनेछ।

घ. CCTV जडान गर्ने गाउँ वा भवनहरुमा सबैले देख्ने गरी आवश्यकताअनुसार ठाउँ ठाउँमा CCTV जडान भएको सूचना अनिवार्य रुपमा राख्नुपर्नेछ ।

ङ. सार्वजनिक, व्यापारिक वा निजी CCTV को नियमन गर्ने निकायले अद्यावधिक अभिलेख राख्नुपर्नेछ ।

च. व्यक्तिको गोपनियताको हक संरक्षण हुने र मानव अधिकारमा प्रतिकूल असर नपर्ने व्यवस्थाको सुनिश्चितता हुनेगरी CCTV जडान तथा सञ्चालन गर्नुपर्नेछ ।

४) **सुपरिवेक्षण तथा अनुगमन :-**

क. प्रत्येक प्रहरी ईकाईले आफ्नो ईलाका भित्र जडान भई सन्चालनमा रहेका CCTV हरुको विवरण संकलन गरी जिल्ला प्रहरी कार्यालयमा पठाउनु पर्नेछ र जिल्ला प्रहरी कार्यालयले जिल्लाको एकमुष्ट विवरण तयार गरी राख्ने र सो को एक प्रति जिल्ला प्रशासन कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

ख. जिल्ला प्रशासन कार्यालयले CCTV जडान तथा सन्चालनमा ल्याउने व्यक्ति वा संस्थाहरुले यस कार्यविधिमा तोकिएका शर्तहरुको पालना गरे/नगरेको विषयमा नियमित वा आकस्मिक अनुगमन गर्न गराउन कार्यालयको प्रतिनिधि सहितको प्रहरी टोली खटाउन सक्नेछ। यो कार्यविधि विपरीत CCTV /Camera जडान एवं सञ्चालन भए गरेको पाइएमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ बमोजिम कारवाही हुनेछ ।

अनुसूची-१

# CCTV जडान सम्बन्धी जानकारी पत्र

विषयः- **CCTV/Camera जडान तथा सञ्चालन गरेको जानकारी सम्बन्धमा** ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,/ ............प्रहरी प्रमुखज्यू
जिल्ला प्रशासन कार्यालय............../ प्रहरी कार्यालय/चौकी/..........।

माहोदय,

प्रस्तुत विषयमा सार्वजनिक/व्यापारिक/निजी प्रयोजनको लागि तपसिल बमोजमको विवरण भएको CCTV/Camera हरु जडान तथा सञ्चालन गरेको हुँदा सो को जानकारी गराएको छु ।

**CCTV जडान सम्वन्धी विवरणः-**

क. जडान सञ्चालन गरेको मितिः
ख. जडान तथा सन्चालन गरेको स्थान/ठेगाना
ग. भवन तथा ईलाका देखिने गुगल नक्साको प्रतिलिपि
घ. क्यामेरा बनेको कम्पनीः-
ङ. मेगापिक्सेलः
च. पिटीजेट/फिक्सः
छ. डाटा स्टोरेज क्षमताः
ज. डाटा स्टोरेज अवधिः
झ. CCTV/Camera जडान गर्ने स्थानहरुः
ञ. CCTV/Camera को सङ्ख्याः

अनुसन्धान प्रयोजनका लागि CCTV का Footage हरु अनुसन्धान निकायबाट माग भएको खण्डमा जनुसुकै समय उपलव्ध गराउने छु साथै CCTV जडानसम्वन्धी कार्यविधिमा निर्धारित शर्तहरु पूर्णरुपमा पालना गर्नेछु ।

निवेदकः
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.:
ईमेलः
मितिः

संस्था छापः

प्रेम कुमार राई
सचिव